परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

• वर्ष १ • अंक ३३३ • २०७९ साल माघ २४ मंगलबार • (7 February - 2023) • पुष्ठ ४ • मुल्य रु ३।- www.talknepaltv.com

मधेश प्रदेशमा माओवादी सहभागी हुँदै, सुनिता उद्योग मन्त्री




टक नेपाल , जनकपुरधाम ।

मधेश प्रदेश सरकारमा नेकपा माओवादी केन्द्र भोलि सहभागी हुने भएको छ । उद्योग वन तथ पर्यटन मन्त्रालय लिएर माओवादी केन्द्र सरकारमा जान लागेको हो । माओवादी केन्द्रबाट सुनिता यादव सो मन्त्रालयको मन्त्री र रहबर अंशारी राज्यमन्त्री हुने तय भएको माओवादी स्रोतले जनाएको छ । माओवादी संसदीय दलका नेता भरत प्रसाद साह पुनः मन्त्री बन्ने चर्चा चलेपनि एक मन्त्रालय मात्र पाउँदा सुनिता यादव मन्त्री बन्ने तय भएको हो । उनी सहिद रामवृक्ष यादवकी छोरी हुन् । प्रचण्डकै निर्देशनमा यादव मन्त्री बन्न लागेकी हुन् । माओवादीले मधेश प्रदेशमा दुई मन्त्रालय पाउने करिबकरिब सहमति थियो । जसमा एउटामा भरत प्रसाद साह र अर्कोमा सुनिताको नाम चर्चामा थियो । तर, एक मन्त्रालय मात्र जसपा नेतृत्वको सरकारले दिन खोजे पछि सो मा सुनिता मन्त्री बन्ने तय भएको हो । सुनिता समानुपातिक प्रणालीबाट संसद बनेकी हुन् । १० मध्ये ९ मन्त्रालय जसपा, एमाले र जनमतले भागबण्डा गरिसकेका छन्। मुख्यमन्त्री सरोजकुमार यादवले माओवादीको लागि एक मात्र उद्योग वन तथा पर्यटन मन्त्रालय आफूसँग राखेका छन्। भरत यसअघि पनि प्रदेश सरकारको गृह तथा सञ्चारमन्त्री थिए ।



गौशालावासी पाँच दिनदेखि धमिलो र दूषित पानी पिउन बाध्य



बिशाल बस्नेत, महोत्तरी।

महोत्तरीस्थित गौशाला नगरपालिकामा पिउने पानीको चरम समस्या भएको छ । स्थानीयवासी पाँच दिनदेखि धमिलो पानी पिउन बाध्य भएका छन्। बोरिङको सतह फुटेपछि करिब चार सय घरधुरी सफा पिउने पानीबाट बन्चित भएका हुन्। पाँच दिनदेखि वडा न.१२ को कान्तिबजार, नयाँ टोल, परहडिया, पुरानो कान्तिबजारलगायतका स्थानीयवासीहरु धमिलो र दूषित पानी पिउन बाध्य भएका स्थानीय हृदय सिंह कुशवाहाले जानकारी दिए । आइतबारकबाट नगरपालिकाले पिउने पानीको लागि ट्याकंरबाट व्यवस्था गरे पनि त्यो पर्याप्त बन्न सकेको छैन। 'नगरपालिकाले ल्याएको ट्याकंरको पानी पहुँचवालाहरुले मात्र पाएका छन्,' कुशवाहाले भने, 'पालिकाले तत्काल स्वच्छ खाने पानी व्यवस्था नगरेर स्थानीयवासीमा स्वास्थ्यमा समस्या देखिन सक्छ' यता वडा अध्यक्ष कुशेश्वर सिंहले भने स्थानीयहरुको धारामा धमिलो दुषित पानी आए पनि पिउने पानीको समस्या नरहेको दाबी गरेका छन्। 'बोरिङ अनुगमनको लागि जाँदा पिँधमा फुटेको देखियो,' उनले भने, 'त्यही बोरिङलाई मर्मतसम्भार गर्न सक्ने अवस्था छैन। नयाँ बोरिङको प्रक्रियामा छौं।' दुषित पानीको कारण स्थानीयमा स्वास्थ्यमा समस्या देखिन थालेको छ। परहडियाका केही स्थानीयहरुमा झाडापखाला, रुघाखोकी जस्ता समस्या देखिन थालेको दिपलाल महतोले जानकारी दिए। 'विशेषगरी गर्भवती महिला, बालबालिकाहरुमा समस्या देखिन थालेको छ,' उनले भने। पानीको समस्या समाधानका लागि नगरपालिका जाँदा उल्टै गाली गर्ने गरेको बताएका महतोले स्थानीय सरकारबाट अभिभावकत्व नपाएको गुनासो समेत गरे। पिउने पानी जस्तो गम्भीर विषयमा स्थानीय सरकारले बेवास्ता गरेको बताउँदै तत्काल समस्या सावधानको लागि पहलकदमी लिन स्थानीयहरुले ध्यानाकर्षण गराएका छन्। धमिलो र दूषित पानीको मुख्य दोषी खानेपानी उपभोक्ता समितिलाई दिँदै स्थानीयहरुले वडा अध्यक्ष आफै अध्यक्ष रहेको उक्त समितिले उपभोक्ताहरुको हितअनुकुल काम नगरेको हुनाले नै यस्तो अवस्था सिर्जना भएको आरोप लगाए। वडा अध्यक्ष कुशेश्वर सिंहका अनुसार यसअघि समस्याग्रस्त क्षेत्रमा ३ वटा बोरिङ थिए। अहिले बिग्रिएको बोरिङसमेत गरि बाँकी एउटा बोरिङ छ । 'खानेपानी डिभिजन कार्यालय महोत्तरीलाई जानकारी गराइसकेको हुनाले सोमबारदेखि नै प्राविधिकहरु आएर समस्याग्रस्त क्षेत्रमा अध्ययन गर्ने विश्वास लिएको छु,' उनले भने। तर, वडा अध्यक्ष सिंहले प्रतिबद्धता जनाए पनि स्थानीय विश्वस्त हुन सकेका छैनन् । यसअघि पटक-पटक समस्याकाबारेमा ध्यानाकर्षण गराउँदा पनि उनीबाट सुनुवाइ नभएको स्थानीयहरुको गुनासो छ। खानेपानी बोरिङलाई केही स्थानीयहरुले राती चोरेर सिंचाइमा प्रयोग गर्ने र मोटर लगाएर निकाल्ने गरेको हुनाले फिल्टरमा समस्या भएर इनार काम नलाग्ने भएको स्थानीय हृदय सिंह कुशवाहा बताउँछन्। गौशालामा पानीको समस्या भएको यो पहिलोपटक भने होइन । यसअघि गैरिटोलमा पनि विद्युत् प्राधिकरणबाट लाइन काटेपछि पिउने पानी अवरुद्ध भएको थियो।



गेनाइ स्मृति अस्पताल सञ्चालन

टक नेपाल, सिरहा।

धनगडीमाई नगरपालिका-११ स्थित सामुदायिक महेन्द्र गेनाइ स्मृति तथा बालकल्याण अस्पताल सञ्चालनमा आएको छ। यसबाट स्थानीयहरू सामान्य उपचारका लागि पनि बाहिर जानुपर्ने स्थानीयको बाध्यता अन्त्य भएको छ। धागडीमाई नगरपालिका, लहान नगर पालिका १३ र २४ नम्बर वडा, लक्ष्मीपुर पतारी गाउँपालिकाका स्थानीयले यहाँबाट सेवा लिँदै आएका छन्। लहान-२४ का गेनाइ महतोले एक बिघा र महेन्द्र महतोले दस कट्ठा गरी डेढ बिघा करोडौँ मूल्यको जग्गा दिएपछि अस्पताल निर्माण भएको थियो। अस्पताल सञ्चालनका लागि २०६४ सालमा भारतीय दूतावासले भवन निर्माणका लागि साढे तीन करोड र उपकरणका लागि थप डेढ करोड गरी जम्मा पाँच करोड सहयोग दिएको थियो। अस्पताल नहुँदा धनगडीमाईका विकटमा पर्ने १२, १३ र १४ नम्बर का स्थानीय सामान्य उपचार र प्रसूति सेवाका लागि लहान, धरान र विराटनगर जानुपर्ने बाध्यता थियो। अस्पताल सुचारु भएपछि ग्रमीण र दुर्गम भेगको ठूलो समस्या टरेको धनगडीमाई-११ का पूर्ववडाध्यक्ष गङ्गाप्रसाद यादवले खुसी व्यक्त गर्नुभयो। मङ्सिर १९ गतेदेखि अस्पताल सञ्चालनमा आउँदा अहिलेसम्म आठ सय बिरामी बालबालिका र प्रसूतिलाई उपचार गरिसकेको अस्तालका प्रशासकीय प्रमुख दीपेन्द्र सिंहले जानकारी दिनुभयो। २०६८ सालमा नै अस्पताल निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आउन सकेको थिएन। २०७९ को स्थानीय निर्वाचन सम्पन्न भएपछि नगर प्रमुख शिवशङ्कर महतोले अस्पताल गरी सञ्चालनमा ल्याएको थियो। माघ २० गते भारतीय राजदूत नवीन श्रीवास्तवले विधिवत् उद्घाटन गरी अस्पताल सञ्चालनका लागि एम्बुलेन्स, पर्खाल निर्माण अन्य सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सिरहा-१ (क)बाट निर्वाचित प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरी र समानुपातिक प्रदेश सभा सदस्य ललितादेवी दासले अस्पतालमा रहेको अभाव पूरा गरी यस ग्रामीण भेगका महिला र बालबालिकाको उपचार का लागि स्तरीय र नमुना बनाउन पहल थालिने विश्वास दिलाउनुभयो। भारतीय दूतावासबाट महेन्द्र गेनाइ र प्राकृतिक आयुर्वेदिक अस्पताल निर्माण कार्य गरिदिएकोमा नगरप्रमुख महतोले धन्यवाद दिँदै अस्पतालमा तत्कालै चाहिने चिकित्सक, ल्याब टेक्निसियन उपकरण र फर्निचर कम्प्युटरको व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउनुभयो। ५१ शैयाका लागि निर्माण भएको यस अस्पतालमा तत्कालै २५ बेड सञ्चालन भइरहेको छ। अस्पतालमा दुई जना एमबीबीएस चिकित्सक, स्टाफ नर्स, ल्याब टेक्निसियन, एचए, सीएमएलगायतका कर्मचारीहरू भर्ना गरेर ओपीडी सेवा



प्रशासन कार्यालयमा.....

प्रशासकीय अधिकृत रामनरेश राम उपसचिवको परीक्षाका लागि बिदामा बसेकाले इलाका प्रशासन कार्यालय बरहथवामा नायबसुब्बा राजेश रायलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी दिइएको हो। नागरिकता फाँटतर्फ मात्रै जिल्ला प्रशासन कार्यालयबाट नयाँ र पुरानो गरी दैनिक १५० भन्दा बढी र हरिवन तथा बरहथवामा रहेका इलाका प्रशासन कार्यालयबाट ४०/४५ वटा नागरिकता जारी हुने गरेको छ। यी कार्यालयमा राहदानी र राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीको चाप पनि उत्तिकै हुने गरेको छ। प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले दरबन्दीअनुसार कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या रहेको र यसबारेमा माथिल्लो निकायमा जानकारी गराइएको बताउनुभएको छ। जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद अधिकारी पनि वैदेशिक भ्रमणका लागि केही दिनअघि देखि नै बिदामा हुनुहुन्छ।

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी (मधेश प्रदेश), नेपाल

पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।१०।२४

वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रको सहकार्यमा सञ्चालित समृद्धिका लागि वन परियोजना कार्यक्रम सञ्चालन गर्न यस नगरपालिकामा वन प्राविधिक करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट १५ दिनभित्र दर्खास्त आहान गरिएको छ।

क्र.स.	बिज्ञापन नं.	पद	संख्या
१	०५/२०७९-८०	वन प्राविधिक	१

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :
(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा B.sc. Forestry गरेको वा PCL Forestry उर्तीण गरि ३ वर्ष कार्यअनुभव भएको
(ख) १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको
२. दरखास्त दिने अन्तिम मिति २०८९।११।०९ गते
३. आवेदन दस्तुर :- रु. १०००/- (एक हजार मात्र)
४. छनोटको किसिम :- लिखित तथा अन्तरवार्ता
५. आवश्यक कागजातहरु :-
- नेपाली नगरिकता प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

पदपूर्ति समिति
बर्दिबास नगरपालिका, महोत्तरी

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी (मधेश प्रदेश), नेपाल

व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी १५ दिने सार्वजनिक सुचना

प्रथम पटक प्रकाशित मिति : २०७९।१०।२४

नेपालको संविधानको अनुसुची ८ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५८ मा व्यवस्थाको आधारमा व्यवसाय कर उठाउने एकल अधिकार स्थानिय तहमा निहित भएको हुदा व्यवसाय कर नगर कार्यापालिकाको कार्यालयमा बुझिदिने व्यवस्था मिलाएकोले यस नगरपालिका क्षेत्र भित्रका व्यक्ति संघ संस्थालाई करको दायरामा ल्याउने सम्बन्धमा यस कार्यालयको मिति २०७९।१०।२३ को निर्णय आर्थिक ऐनमा तोकिए बमोजिम कर नगरपालिकाको क्षेत्र भित्र दर्ता भई संचालनमा रहेकोले कर बुझाई व्यवसाय नवीकरण गर्न हुन र दर्ता नभई व्यवसाय संचालन गरिरहेको, संघिय सरकार प्रदेश सरकारबाट इजाजत लिएको व्यासायीहरुले व्यवसाय दर्ता गर्न र कर तिर्न हुन १५ दिन भित्र कार्यालयमा आउनु हुन सूचना प्रकाशन गरिएको छ। सूचनामा उल्लेखिते समयसीमा भित्र दर्ता तथा नवीकरण नगर्नेलाई प्रचालित कानुन बमोजिम कारबाही समेत हुने व्यहोरा समेत सुचित गरिन्छ।

-प्रमुख प्रसासकिय अधिकृत

☎ आवश्यक टेलिफोन नम्बरहरु ☎

प्रहरी कन्ट्रोल	१००		IRDs समाज सहकारी अस्पताल	५५०४०१	
जिल्ला प्रहरी कार्यालय जलेश्वर	५२०१५५		सिटि केयर हस्पीटल वर्दिवास	५५०५२७	
ईलाका प्रहरी कार्यालय बर्दिबास	५५०००६		छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४	
जिल्ला ट्रा.प. कार्यालय		५५००५५	ढल्केवर (नो लाईट)	०४१-५६००६८	
नेपाल पत्रकार महासंघ, महोत्तरी	५२०५१५		बर्दिवास दुरसञ्चार	५५००००	
शुभ स्वस्तिक हस्पिटल	५५०२५५		नेपाल रेल्वे जनकपुरधाम	५२०२११	
बर्दिबास अस्पताल	५५००५०		जनकपुर आँखा अस्पताल	५२०३५७	
रेडक्रस एमबुलेन्स	५२०१००		प्रदेशिक अस्पताल जनकपुरधाम	५२००३३	
वारुण यन्त्र (दमकल)	५२००५७		सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३	
नेपाल विद्युत वितरण केन्द्र, गौशाला		५५६०८५	एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज)	०४१-६२०४५१, ५८०४८१५१२६	
जलेश्वर अस्पताल	५२००७०				
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०५		एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६	
बर्दिवास आँखा अस्पताल		५५०४७७	एम्बुलेन्स (मारवाडी सेवा समिति)	५२२७६२, ५२१७८४	
मेरी स्टोप्स सेन्टर	५५०१२६		एम्बुलेन्स (जानकी मेडिकल कलेज)	५२६०५०, ५२६०५१	
एकिकृत सेवा केन्द्र बर्दिवास	५५०६६८		महाविर युवा कमिटी एम्बुलेन्स	२५५८०	

आजको राशिफल

मेष	आज समाजमा हितको लागि लाभदायक छलफल हुनेछ।	तुला	आज धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।
बृष	निर्णायक क्षमतामा कमी आउनेछ।	वृश्चिक	प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ।
मिथुन	आज भाग्यले विभिन्न अवसर जुराउनेछ।	धनु	आज नयाँ कार्यको योजना बन्ने वा प्राप्ति हुनेछ।
कर्कट	शुभकार्यको चर्चा चल्नेछ।	मकर	आज महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।
सिंह	आज विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ।	कुम्भ	आज भाग्यले साथ दिनेछ।
कन्या	यात्रा गर्दा सचेत हुनुपर्नेछ।	मीन	आज आफन्त र राज्यबाट मान सम्मान पाइनेछ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

....सम्पादकीय

संविधानको स्वार्थकेन्द्रित व्याख्या

२०७२ सालमा नेपालको संविधान जारी हुँदा त्यसको निर्माणमा सहभागी नेताहरूले 'उत्कृष्ट' भने पनि अभ्यासका क्रममा तिनै व्यक्तिहरूले फरक-फरक व्याख्या गरेर जे जसरी उल्लंघन गरेका छन्, त्यसले संविधानमाथि नै प्रश्न उठ्ने अवस्था देखिएको छ । तर, समस्याचाहिँ संविधानमा हो कि त्यसको कार्यान्वयनका लागि नेतृत्वमा पुगेका नेताहरूमा हो भन्ने बहसको विषय बनेको छ । संविधान कार्यान्वयनको मुख्य जिम्मेवारीमा पुगेका चाहे प्रधानमन्त्री हुन् अथवा राष्ट्रपति वा मन्त्रीदेखि सांसद नै किन नहुन्, मौका पर्दा उनीहरू सबै संविधान उल्लंघन गर्न उद्धत हुनु दुर्भाग्यपूर्ण अवस्था हो। यसले प्रश्न संविधानका व्यवस्थाप्रति भन्दा पनि दल र तिनका नेताप्रति तेर्सिएको छ। संविधान निर्माण प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्रसहितका दल र तिनका नेता आफैले बनाएको संविधानप्रति इमान्दार नहुनु आश्चर्यलाग्दो विषय हो। जब संविधान निर्माणमा सहभागी दलहरू नै यसप्रति इमान्दार छैनन् भने त्यसपछि उदाएका दलको अवस्था भन्ने फरक छ। त्यसैले त संसद्मा संविधानले संस्थागत गरेका विषयमा अनावश्यक विवाद भइरहेको छ । बेलायतमा अलिखित संविधान हुँदा पनि संवैधानिक जटिलता देखिएको छैन। बरु, त्यसले लोकतन्त्रलाई सुदृढ बनाएको छ । तर, हामीकहाँ जनताका प्रतिनिधि सम्मिलित संविधानसभाले बनाएको संविधानका प्रावधानप्रति अहिले तिनै संविधान निर्माताहरू प्रश्न गर्न थालेका छन्। संविधानमा रहेका छिद्रहरूलाई प्रयोग गर्दै उनीहरूले प्रश्न उठाउने गरेको देखिन्छ। वास्तवमा संविधानमा प्रश्न उठाउनुपर्ने संवैधानिक छिद्रभन्दा पनि नेताको नियतका कारण संविधानमा छिद्र देखिने गरेको छ । त्यसैले त सरकारमा हुँदा र प्रतिपक्षमा रहँदा राजनीतिक दलहरूले संवैधानिक प्रावधानको अलग अलग व्याख्या गर्ने गरेका छन्। संवैधानिक प्रावधानप्रति कुनै निश्चित दलको दृष्टिकोणभन्दा पनि त्यो दल वा दलका नेताको स्वार्थलाई केन्द्रमा राखेर व्याख्या गर्ने गरेका कारण पनि संवैधानिक प्रावधानमा अस्पष्टता देखिने गरेको हो। यसरी दल र नेताले आफूअनुकूल व्याख्या गर्दै जाने हो भने संविधान नै संकटमा नपर्ला भन्न सकिँदैन। त्यसैले संविधानको व्याख्या दलीय स्वार्थमा होइन, संविधानको भावनाका आधारमा हुन जरुरी छ। यसरी संविधानको व्याख्या गर्ने दायित्व अदालतको हो। यतिसम्म कि कतिपय संवैधानिक प्रावधानको अभ्यास जे जसरी गरिएको छ, त्यसमा समेत एकरूपता देखिँदैन। यसले आगामी दिनमा भनै समस्या ल्याउन सक्छ। जस्तो नयाँ संविधानअनुसार २०७४ साल मंसिरमा प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचन भएपछि प्रतिनिधिसभा सदस्यको शपथबिनै राष्ट्रपति विद्यादेवी भण्डारीले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई संविधानको धारा ७६ को उपधारा २ अनुसार प्रधानमन्त्री नियुक्त गरी पद र गोपनीयताको शपथ गराएकी थिइन्। पाँच वर्षपछि २०७९ मा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रतिनिधिसभा सदस्यको शपथ लिएपछि प्रधानमन्त्रीमा नियुक्त भए, जब कि प्रधानमन्त्री हुन प्रतिनिधिसभा सदस्य हुनुपर्ने संवैधानिक व्यवस्था छ ।



महिला हक्कीमा आर्मी र लुम्बिनीको विजयी सुरुवात

टक नेपाल, ढल्केवर ।

धनुषाको नकटाझिजमा पाँचौं संस्करणको सहाना प्रधान स्मृति राष्ट्रिय महिला हक्की प्रतियोगिता सोमबारबाट सुरु भएको छ । जिल्लाको मिथिला नगरपालिका र नेपाल हक्की सङ्घको संयुक्त आयोजना प्रतियोगिता भएको हो । हिमालय युवा क्लबको खेल मैदानमा भएको प्रतियोगिताको पहिलो खेलमा लुम्बिनी प्रदेशले प्रदेश-१ लाई २-० गोलले हरायो ।



अर्को खेलमा नेपाल आर्मीले सुदूरपश्चिम प्रदेशलाई ६-० गोलले हरायो । तेस्रो खेलमा मधेश प्रदेशले गण्डकीलाई ४-२ गोलले हरायो । २८ गतेसम्म चल्ने प्रतियोगितामा ६ प्रदेश र आर्मी गरी सात टोलीको सहभागिता रहेको छ । राष्ट्रिय खेलकुद परिषद्का उप निर्देशक तथा तथा हक्की खेलका राष्ट्रिय प्रशिक्षक बाबुराम नेपालले प्रतियोगितामा जम्मा १३ वटा खेल हुने बताउनुभयो । प्रतियोगिताको विजेता टोलीले ७५ हजार, उपविजेताले ४० हजार र तेस्रो हुनेले ३० हजार रुपियाँ पुरस्कार पाउने आयोजकले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय रौतहटले हटायो बिचौलिया

टक नेपाल, रौतहट ।

बिचौलियाको चलखेलको कारण सेवाग्राही मर्कामा परेको गुनासो बढेपछि जिल्ला प्रशासन कार्यालय रौतहटले कार्यालय वरपर बाट उनीहरूलाई हटाइएको छ । प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले सेवा प्रवाहमा बिचौलियाको चलखेल रोक्न कार्यालय आसपास बस्दै आएका बिचौलियाको भीड हटाउन लगाउनुभएको हो । प्रजिअ मिश्रले कार्यालय वरपर टेबुल कुर्सी राखेर, बोरा बिच्छ्याएर, दुईचार वटा फाइल राखेर सेवाग्राहीका कामको समेत जिम्मेवारी लिने बिचौलियालाई हटाइएको बताउनुभयो । उहाँका अनुसार वडा कार्यालयले नै अनुसूची सिफारिस गरी पठाउने भएकोले सेवाग्राहीलाई बिचौलियाको आवश्यक नै पर्दैन । बिचौलियाको कारण सेवाग्राहीको



पहुँच कार्यालयसँग नहुने र कर्मचारी समेत कार्यालयको कामप्रति उदासीन हुने भएकोले पनि बिचौलिया विस्थापित गर्नु आवश्यक परेको हो । बिचौलिया हटेपछि सेवाग्राहीको काममा कार्यालयका तलका कर्मचारीले सहजीकरण गर्छन्, उहाँले भन्नुभयो 'कार्यालय हाताभित्र कुनै व्यक्तिले आर्थिक लाभ लिन सेवाग्राहीको काममा चासो राखेको पाइएमा तुरुन्त पत्राउ गर्न आदेश दिएको छु । जनताको काम छिटोछरितो र समय मै सम्पन्न गर्न यथाशीघ्र 'टाइम कार्ड' प्रयोगको व्यवस्थासमेत हुँदैछ ।' जिल्ला प्रशासन कार्यालय अगाडि पसल नै सजाएर यहाँ ई-पासपोर्ट, राष्ट्रिय परिचयपत्रलगायतका फारम भरिन्छ भनी सेवाग्राहीसँग अनधिकृत लाभ लिने व्यवसायी विस्थापित भएका छन् । यसरी बिचौलियाको चलखेल रोकिएपछि सेवाग्राहीको काम सहज, सरल र निःस्वार्थ ढङ्गबाट सम्पादन हुने सेवाग्राहीको विश्वास छ ।

मोटरसाइकल दुर्घटना : थप उपचारका लागि घाइतेलाई काठमाडौं पठाइयो

टक नेपाल, सर्लाही ।

सर्लाहीको हरिवनमा आइतबार राति मोटरसाइकल दुर्घटनामा परेर गम्भीर घाइते हुनुभएका दुई जनालाई सोमबार बिहान थप उपचारका लागि हेलिको प्टरमार्फत काठमाडौं पठाइएको छ । आइतबार राति ९:४० बजे हरिवन नगरपालिका-९, दनुवारी चोकस्थित भित्री सडकमा प्रदेश २-०३-०१५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा बागमती नगर पालिका-११, कर्मैयाका ४२ वर्षीय सूर्यप्रसाद घिमिरे र ३५ वर्षीय राजन श्रेष्ठ गम्भीर घाइते हुनुभएको प्रहरीले जनाएको छ । घिमिरे मोटरसाइकल चालक र श्रेष्ठ मोटरसाइकलको पछाडि सवार हुनुहुन्थ्यो । उहाँहरूलाई नमुना अस्पताल हरिवनमा सामान्य उपचारपश्चात् सोमबार बिहान ११:३५ बजे मनाङ एयरको हेलिकोप्टरबाट थप उपचारका लागि ग्राण्डी अस्पताल काठमाडौं लगिएको हो । चिकित्सकले घाइतेलाई तत्काल काठमाडौं पठाउन सल्लाह दिएपछि हेलिकोप्टर चार्टर गरेर काठमाडौं पठाइएको जानकारी परिवारले दिएका छन् ।



हात्तीपाइले रोगविरुद्धको औषधि खुवाइने अभियान सञ्चालन हुँदै

टक नेपाल, रौतहट ।

जिल्ला स्वास्थ्य कार्यालय रौतहटले हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियान चलाउने भएको छ। अघिल्लो पटक यस रोगविरुद्धको औषधि बहुसङ्ख्यक मानिसले नखाएका कारण यसपटक अभियान नै सञ्चालन गरी औषधि खुवाउन थालिएको हो । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख सुरेश यादवका अनुसार जिल्लामा आगामी फागुन ११ देखि २५ गते भित्र नागरिकको घरघरै पुगी औषधि खुवाइने छ। स्वास्थ्य कार्यालयको आयोजनामा आइतबार बसेको जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठीले हात्तीपाइलेको औषधि खुवाउन अभियान सञ्चालन गर्ने जनाएको थियो । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका जनस्वास्थ्य अधिकृत रामकुमार महतो र आरटीआई प्रमुख धर्मपाल रमणका अनुसार जिल्लामा करिब आठ लाख ४८ हजार



जनसङ्ख्यामध्ये दुई वर्षभन्दा कम उमेर समूहका बालबालिका, सिकिस्ता बिरामी, गर्भवती महिला, सात दिने सुत्केरी र गम्भीर प्रकृतिका रोग लागेका व्यक्तिबाहेक सबैलाई औषधि खुवाइने छ। हात्तीपाइले रोगलाग्नबाट बच्न औषधि खानु नै सर्वोत्तम उपाय हो । 'हात्तीपाइले (फाइलेरिया) सरुवा रोग हो । यो लामखुट्टेको टोकाइबाट लाग्ने गर्दछ । यो रोग लाग्दा विशेषगरी मानिसको खुट्टा साधारणभन्दा मोटो हुने तथा हात्तीको जस्तो देखिने भएकोले यसलाई हात्तीपाइले रोग भनिएको हो ।'' इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका जनस्वास्थ्य अधिकृत महतोले भन्नुभयो, ''लामखुट्टेले हात्तीपाइले रोग भएको मानिसलाई टोकेर उसमा भएको परजीवी आफूमा लिन्छ र अन्य स्वस्थ मान्छे लाई टोकेर ती परजीवी सारीदिन्छ । यसरी नै हात्तीपाइले रोग एक व्यक्तिबाट अर्कोमा सर्छ ।''

प्रशासन कार्यालयमा अधिकृत अभाव

टक नेपाल, सर्लाही ।

सर्लाहीमा जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा प्रशासकीय अधिकृतको अभाव खड्किएको छ । सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रशासन कार्यालय र हरिवन तथा बरहथवामा रहेका इलाका प्रशासन कार्यालयमा प्रशासकीय अधिकृतको अभाव भएको हो। कार्यालयमा सबैभन्दा धेरै काम र जिम्मेवारी हुने प्रशासकीय अधिकृत नै नहुँदा सेवा प्रवाहमा समस्या उत्पन्न भएको छ । तीन जना प्रशासकीय अधिकृतको दरबन्दी रहेको जिल्ला प्रशासन कार्यालयमा अहिले काजमा समेत गरी दुई जना प्रशासकीय अधिकृत कार्यरत हुनुहुन्छ। प्रशासकीय अधिकृत राजकुमार थापा एक जना मात्रै हुँदा नागरिकता जारी गर्नेदेखि अन्य काम प्रभावित भएपछि इलाका प्रशासन कार्यालय हरिवनका प्रशासकीय अधिकृत गुणराज भुजेलाई जिल्ला प्रशासन कार्यालय मलङ्गवामा काजमा खटाइएको छ ।



दुई जना प्रशासकीय अधिकृतमध्ये थापा पनि गएको शुक्रबारदेखि एक साताका लागि बिदामा बसेपछि अहिले जिल्ला प्रशासन कार्यालयमा अधिकृत भुजेल एक जना मात्रै हुनुहुन्छ । तीन जना प्रशासकीय अधिकृत हुँदासमेत नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र लगायतका काममा भ्याइनभ्याइ हुने गरेकोमा अहिले एक जना मात्रै अधिकृत हुँदा सेवा प्रवाहमा निकै सकस परिरहेको छ। प्रशासकीय अधिकृत भुजेल एक्लैले तीन जना अधिकृतको काम भ्याउनुपरेको छ । जिल्ला प्रशासन कार्यालय मलङ्गवामा कार्यरत प्रशासकीय अधिकृत उर्मिला अधिकारी केही महिनाअघि नै र अर्का प्रशासकीय अधिकृत कामेश्वर यादव केही साताअघि सरुवा हुनुभएको थियो। एक जना मात्रै प्रशासकीय अधिकृत हुँदा सेवाग्राहीलाई सेवा लिन समय लाग्ने गरेको छ । घण्टौं लाइनमा बस्नुपर्दा उनीहरू थप झन्झट बेहोर्न बाध्य भएका छन् । इलाका प्रशासन कार्यालय हरिवनमा अहिले कार्यालयमै कार्यरत नायबसुब्बा रञ्जितकुमार साहलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी तोकिएको छ ।

–बाँकी पृष्ठ २ मा

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी (मधेश प्रदेश), नेपाल

अनाधिकृत रुपमा राखिएको होर्डिग बोर्ड, साइनवोर्ड,ट्राईभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड लगायत अन्य विज्ञापन सामग्रीहरु हटाउने सम्बन्धी १५ दिने सार्वजनिक सुचना

प्रथम पटक प्रकाशित मिति : २०७९।१०।२४

बर्दिबास नगरपालिका क्षेत्राधिकार भित्र नगरपालिकासंग अनुमति नलिई अनाधिकृत रुपमा खाखिएका होर्डिङ बोर्ड, साइनवोर्ड, ट्राईभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, लगायत अन्य विज्ञापन सामग्रीहरु अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४को दफा ५ को उपदफा (१)को ग र सार्वजनिक सडक ऐन २०३१ को दफा १९ तथा बर्दिबास नगरपालिकाको कर र गैर राजस्व लगाउने र उठाउने सम्बन्धमा बनेको ऐन २०७८को दफा १६ को उपदफा ५ बमोजिम तथा यस कार्यलयको मिति २०७९।१०।१८ को निर्णय अनुसार १५(पन्ध्र) दिनभित्र सुचना प्रकाशन गरिएको छ। तोकिएको समय भित्र नहटाएका कार्यालयले नै हटाई सामान जफत गर्ने र ल्याउदा लाग्ने खर्च समेत सम्बन्धित पक्षबाट असुर उपर गरिने व्यहोरा सूचित गरिन्छ। साथै नगरपालिकाबाट अनुमति प्राप्त गरेको भए सो को प्रतिलिपि र कर दाखिला प्राप्त समेत पेशगरी तोकिएको समय भित्र पेश गर्न हुन समेत सूचित गरिन्छ।

–प्रमुख प्रसासकिय अधिकृत

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी (मधेश प्रदेश), नेपाल

घर/जग्गा बहाल कर तिर्ने/बुझाउने सम्बन्धी १५ दिने सार्वजनिक सुचना

प्रथम पटक प्रकाशित मिति : २०७९।१०।२४

नेपालको संविधानको अनुसुची ८ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ को साथै वि.स.२०७४।१२।१२ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णय समेतको आधारमा घर/जग्गा बहाल कर उठाउने एकल अधिकार स्थानिय तहमा निहित भएको हुदाँ यस कार्यालयको मिति २०७९।१०।१९ को निर्णयानुसार नगर कार्यालयबाट बहाल कर बुझिलिने व्यवस्था मिलिाएको हुनाले न.पा. को आर्थिक ऐनमा तोकिएको मासिक बहाल रकमको १० प्रतिशत को दरले हुने सम्पूर्ण बहालकर बुझाउनु पर्ने कर्तव्य भएका भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना जग्गा, पोखरी लगायतका बहाल योग्य संरचना बहालमा दिएको व्यक्ति,, संघ संस्थाहरुले घर जग्गाको बहाल करदाताको रुपमा दर्ता नभएकाहरुले दर्ता गराउन हुन र दर्ता भएका करदाताहरुले बहाल कर तिर्न बाँकी र बक्यौता कर १५ दिन भित्र बुझाउन आउन हुन सम्पूर्ण सम्बन्धितहरुमा अनुरोध छ। सुचनामा उल्लेख भएको समयावधि भित्र दर्ता तथा नवीकरण नगर्नेलाई प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत सुचित गरिन्छ।

–प्रमुख प्रसासकिय अधिकृत

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौ ।"

LIVER FUNCTION TEST
- Bilubine Total / Direct
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- STOOL R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETES PACKAGE
- URINE R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose /F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा. लि.

बर्दिवास–१४, औरहीरोड सम्पर्क: ०४४–५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स: ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव

मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldally@gmail.com